# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार ३ गते २०३७ साल

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

श्री ५ को सरकारको मिति २०३६।११।९ को निर्णयानुसार प्रशासन व्यवस्था विभाग, अतिरिक्त समूहको रा.प. द्वितीय श्रेणीका अधिकृत श्री शरदकुमार भट्टराईलाई राप्ती अञ्चलाधीश कार्यालयको सहायक अञ्चलाधीश पदमा सरुवा गरिएको छ ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

जिल्ला कार्यालय, भक्तपुरको रिक्त प्र. जि. अ. पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) (ख) ले दिएको अधिकार प्रयोग गरी गृह पञ्चायत मन्त्रालयका शाखा अधिकृत श्री चन्द्रिकानन्द खरेललाई मिति २०३६।१२।७ देखि कायम मुकायम मुकरर गरिएको छ ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

९६४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।